म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १८५ २०८० भदौ २४ गते आइतबार 10 September 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरिपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**पुस्तकसँग खेल्दै**: हेटौँडा-८, कमानेस्थित कमाने एकेडेमीले हरेक शनिबार सञ्चालन गर्ने समुदायमा पुस्तकालय कार्यक्रमअन्तर्गत हिजो शनिबार हेटौँडा-८, निमचोकका बालबालिका घुम्ती पुस्कालयका पुस्तक लिएर अध्ययन गर्दै । समुदायमा रहेका बालबालिकालाई पठन अभ्यासमा प्रेरित गर्न विद्यालयले घुम्ती पुस्तकालय सञ्चालन गर्दै आएको छ। विद्यालयले हेटौँडा-८ का विभिन्न स्थानमा हरेक शनिबार घुम्ती पुस्तकालय सेवा प्रदान गर्दै आएको छ ।

## प्रतिफल सहकारीको १२ वर्षमा उल्लेख्य प्रगति

# अध्यक्षमा दिलिशको ह्याट्रिक

समाज संवाददाता

हेटौँडाः हेटौंडा-२, मनकामनाचोकस्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको दसौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन हेटौंडा शनिबार सम्पन्न भएको छ। स्थापनाको १२ वर्षमा सहकारीले उल्लेख्य प्रगति गरेको छ । २०६८ सालमा स्थापना भएको सहकारी करिब ५ वर्ष घाटामा चलेको थियो । आर्थिक वर्ष २०७२/७३ देखि दिलिश गोविन्द जोशीको नेतृत्वमा सहकारी सञ्चालनमा आएसँगै उल्लेख्य प्रगति भएको हो । शनिबार सम्पन्न चौथो अधिवेशनबाट जोशी तेस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको छ ।



*सहकारीको साधारणसभामा ज्येष्ठ सदस्यलाई सम्मान गरिँदै ।*

आर्थिक वर्ष २०७९/८० मा सहकारीको सेयर पुँजी एक करोड १५ लाख रुपैयाँ, बचत संकलन ३ करोड ७० लाख रुपैयाँ र ऋण लगानी ५ करोड ३४ लाख रुपैयाँ रहेको छ । जोशी नेतृत्वमा आउने समय अर्थात आर्थिक वर्ष २०७२/७३ मा २ लाख ६७ हजार रुपैयाँ सेयर पुँजी थियो भने बचत संकलन १३ लाख ५१ हजार रुपैयाँ तथा ऋण लगानी २ लाख २० हजार रुपैयाँ रहेको थियो । जोशी नेतृत्वको समितिले पहिलो वर्षको जिम्मेवारी पूरा गर्ने क्रममा आर्थिक वर्ष २०७३/७४ मा सेयर पुँजी ७ लाख ८३ हजार रुपैयाँ, बचत संकलन ९ लाख ६२ हजार रुपैयाँ र ऋण लगानी ५ लाख ९२ हजार रुपैयाँ पुऱ्याएको थियो ।

आर्थिक वर्ष २०७४/७५ देखि भने सुधारको गति तीव्र बनेको देखिन्छ। उक्त वर्ष सेयर पुँजी २८ लाख रुपैयाँ पुग्यो भने बचत संकलन ७६ लाख २१ हजार रुपैयाँ र ऋण लगानी ६९ लाख ७७ हजार रुपैयाँ पुग्यो । आर्थिक वर्ष २०७८/७९ मा सेयर पुँजी १ करोड ३ लाख रुपैयाँ पुऱ्याएको सहकारीले आर्थिक वर्ष २०७५/७६ मै बचत संकलन र ऋण लगानी एक करोड भन्दा बढी पुऱ्याइसकेको थियो । प्रहरी सेवाबाट निवृत्त हुनुभएपछि व्यवसायमा सक्रिय जोशीले आफ्नो असल व्यावसायिक छवि र आफ्ना व्यवसायी साथीहरुको साथ र सहयोगमा सहकारीको तीव्र विकासलाई सम्भव तुल्याउनुभएको हो । तेस्रो कार्यकालका लागि अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएका जोशीले आगामी दिनमा सहकारीलाई अझ व्यवस्थित बनाउँदै लैजाने बताउनुहुन्छ ।

शनिबार सहकारीका अध्यक्ष दिलिश गोविन्द जोशीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा साधारणसभा तथा अधिवेशनको उद्घाटन कार्यक्रम भएको हो । साधारणसभाको उद्घाटन कार्यक्रममा सहकारीका अध्यक्ष जोशीले सहकारीको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै सहकारीको देशको आर्थिक अवस्था कमजोर भइरहेका बेलामा पनि सहकारीले सकारात्मक प्रगति हासिल गर्न सफल भएको बताउनुभयो । साधारणसभामा सचिव धनबहादुर पौडेल (कल्याण) र कोषाध्यक्ष कमल गौतमले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो। साधारणसभाको अवसरमा ज्येष्ठ सेयर सदस्य रत्नमाया गोले तामाङ, असल बचतकर्ता भद्रपन्ध्र समूह, असल ऋणि ज्ञानेन्द्र महर्जनलाई सम्मान गरिएको छ । यस्तै सञ्चारकर्मी सुरेश श्रेष्ठ, उत्कृष्ट कर्मचारी रुकु खड्का र प्रमोद पहाडीलाई सम्मान गरेको छ । कार्यक्रममा २ नम्बर वडाध्यक्ष बिष्णुगोपाल महर्जन र ५ नम्बर वडाध्यक्ष सुशील घिमिरेको पनि आतिथ्य रहेको थियो । एक हजार चार सय जना सेयर सदस्य रहेको सहकारीको अधिवेशनले उपाध्यक्षमा निलम श्रेष्ठ, सचिवमा कमल गौतम, कोषाध्यक्षमा यदुनाथ तिमल्सिनालाई सर्वसम्मत चयन गरेको छ। यस्तै सदस्यमा सर्मेन्द्र पौडेल, राजेश्वर दाहाल, हरि श्रेष्ठ, मेनुका न्यौपाने र हरिगोपाल सापकोटालाई सर्वसम्मत चयन गरेको छ । यस्तै लेखा समितिको संयोजकमा गोकर्ण बर्तौला सदस्यमा अजिव भट्टराई र रुपेश खतिवडा चयन हुनुभएको छ ।

# प्रधानमन्त्री प्रचण्ड आज हेटौंडा आउँदै

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आज आइतबार हेटौंडा आउनुहुने भएको छ। आइतबार समाजवादी मोर्चाको सन्देश सभालाई सम्बोधन गर्न प्रधानमन्त्री प्रचण्ड हेटौंडा आउनुहुने भएको हो ।

प्रधानमन्त्री दाहालसँगै नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव विप्लव पनि सभामा आउनुहुने बताइएको छ । हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा दिउँसो १ बजे हुने सभालाई चारै दलका शीर्ष नेताहरुले सम्बोधन गर्नुहुनेछ ।

शनिबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरी मोर्चाले सभाका लागि तयारी पूरा भएको जनाएको छ । सभा व्यवस्थापनको जिम्मेवारी नेकपा एकीकृत समाजवादी बागमती प्रदेश कमिटीले पाएको छ ।

नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश अध्यक्ष सावित्रा भुसालले सभाको तयारी पूरा भएको बताउनुभयो । बामपन्थी शक्तिहरु एक बन्न मोर्चा बनेको उहाँले बताउनुभयो । सरकार परिवर्तन भएपनि मोर्चा नफुट्ने उहाँको भनाई छ ।

पत्रकार सम्मेलनमा नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति मकवानपुरका संयोजक सर्केश घलान, नेकपा एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष विष्णु दाहाल र नेकपा मकवानपुरका अध्यक्ष सूर्य सीलगायतको उपस्थिति रहेको थियो ।

# हुप्रचौरमा पुरुषको शव फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, हुप्रचौरमा एक जना पुरुषको शव फेला परेको छ। शुक्रबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा वडा कार्यालय नजिक सनाखत नभएको अन्दाजी ४० वर्षीय पुरुष व्यक्तिको शव फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

अनुसन्धानका क्रममा पुरुष कवाडी मालसामान टिपी हिँड्ने बुझिएको र मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल हेटौंडा लगिएको प्रहरीले जनाएको छ ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

# साहित्य संगमको अध्यक्षमा डीबी बर्तौला निर्वाचित



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाकै अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरको अध्यक्षमा डीबी बर्तौला निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न १६ औं अधिवेशनबाट बर्तौला अध्यक्षमा निर्वाचित हुनुभएको हो। यसअघि सचिवको जिम्मेवारी सम्हाल्नु भएका बर्तौला पुरुषोत्तम आचार्यलाई पराजित गर्दै संगमको अध्यक्षमा निर्वाचित हुनुभएको हो । आचार्यले ८१ मत मात्रै प्राप्त गर्नुभयो ।

शनिबार राती सम्पन्न मतगणनाअनुसार ९७ मतसहित बर्तौला निर्वाचित हुनुभएको हो । बर्तौलाको प्यानलबाट पदाधिकारी तथा सदस्य निर्वाचित भएका छन् । आचार्यको प्यानलबाट एकजना सिएम रिमाल मात्रै सदस्यमा निर्वाचित हुनुभएको छ । कुल मतदाता २ सय ४४ मतदाता मध्ये कुल १ सय ८२ मत खसेको थियो । संगमको उपाध्यक्षमा सानु खनाल १ सय २१ मतसहित निर्वाचित हुनुहुँदा एसके निधन ५६ सहित पराजित हुनुभयो । सचिवमा मनोज पोखरेल १ सय १० मतले विजयी हुँदा यश लामा ६७ मतसहित पराजित हुनुभयो । सदस्यमा रजनी पौडेल (१२४ मत), स्वस्तिका बानियाँ (११८ मत), कृतिका लौडारी (९९ मत), कुवेर पराजुली (८३ मत) र सिएम रिमाल (७९ मत) निर्वाचित हुनुभएको छ । सदस्यका आकांक्षी मिनप्रसाद लामिछाने (७६ मत) र बैकुण्ठ लामिछाने (७५ मत) पराजित हुनुभयो । यसअघि कोषाध्यक्षमा मेनु तिमल्सिना र सहसचिवमा भवानी तिमल्सिना सर्वसम्मत निर्वाचित भइसक्नु भएको थियो । नवनिर्वाचित समितिको कार्यकाल २ वर्षको हुनेछ ।

अधिवेशन अघि साहित्य संगम मकवानपुरको ३३४ औं नियमित सन्ध्या भएको थियो । संगमकी अध्यक्ष अनिता न्यौपानेको अध्यक्षता तथा संगमका पूर्व अध्यक्ष आरसी रिजालको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो । नियमित सन्ध्यामा नवसर्जक ५ जनाले रचना वाचन गरे । रियाज कार्की, रोशनी चौलागाई, कृतिका लौंडारी लगायतले रचना वाचन गर्नुभएको थियो । संगमले अधिवेशनकै अवसरमा पत्रकार केशव समर्पण, सुदीप सिवाकोटी, नवोदय शिशु सदन, बालजागृति इंग्लिस सेकेण्डरी स्कुलका प्रिन्सिपल विनोद सुवेदी, प्याब्सन मकवानपुर र नेपाल हृदयरोग निवारण संस्थाका अध्यक्ष हरिवंश भेटवाललाई सम्मान गरेको थियो ।

## मोरक्कोमा शक्तिशाली भूकम्प

# मृत्यु हुनेको संख्या १०३७

काठमाडौंः मोरक्कोमा शक्तिशाली भूकम्प गएको छ । भूकम्पमा परी मृत्यु हुनेको संख्या कम्तीमा १ हजार ३७ पुगेको छ । कम्तीमा १ हजार २ सय घाइतेको उद्दार गरिएको छ। अमेरिकन जिओलोजिकल सर्भेका अनुसार मोरक्कोको माराकेसबाट ७१ किलोमिटर दक्षिण पश्चिममा रहेको हाई एटलस माउन्टेनलाई केन्द्रबिन्दु बनाएर शनिबार ६.८ म्याग्निच्यूडको भूकम्प भएको हो ।

भूकम्पको गहिराइ १८.५ किलोमिटर रहेको बताइएको छ। भूकम्पमा परी मृत्यु हुनेको संख्या १ हजार ३७ पुगेको छ भने शनिबार रातीसम्म १ हजार २ सय जना घाइते भएको बीबीसीको समाचारमा छ। मोरक्कोका आन्तरिक मामिला मन्त्रालयले पनि मृत्यु हुने र घाइतेको संख्या पुष्टि गरेको छ। भूकम्पको धक्काबाट थुप्रै भवन तथा भौतिक संरचना भत्किएका छन्। कतिपय भत्किएका भवनमा मानिसहरू पुरिएर रहेको हुनसक्ने आँकलन गरिएको छ ।

भूकम्पबाट ठूलो संख्यामा मानिसहरू घाइते भएपछि उपचारको क्रममा रगत अभाव हुँदा रक्तदानका लागि माराकेसस्थित सयौं मानिस लामबद्ध भएका छन् । रक्तदान केन्द्रमा एम्बुलेन्स नै लगेर रगत संकलन गरिएको पनि स्थानीय मिडियाले जनाएका छन्। यस्तै घाइतेहरुको उपचारका लागि रगत अभाव हुनसक्ने भन्दै स्वास्थ्यकर्मीहरुले रक्तदानको लागि आह्वान गरेका छन् । घाइतेहरुको उद्धारका लागि सरकारी अधिकारीसहित स्वयंसेवकहरु खटिरहेका छन्। यद्यपि कतिपय मानिसहरू भत्किएका भवनहरुमा पुरिएर रहेको हुनसक्ने स्थानीय मिडियाले जनाएका छन् ।

भूकम्पका कारण मोरक्कोमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै थुप्रै देशका प्रमुखहरुले समवेदना प्रकट गरेका छन् । यसैबीच युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले उक्त घटनाप्रति गहिरो समवेदना प्रकट गर्दै ऐकवद्धता व्यक्त गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत सन्देश लेख्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना पनि गरेका छन्। साथै मोरक्कोले ब्यहोर्नुपरेको पीडाप्रति युक्रेनले ऐकवद्धता प्रकट गरेको जेलेन्स्कीले जनाएका छन् ।

यस्तै टर्कीका राष्ट्रपति रिसेप तायीप एर्दोगानले मोरक्कोलाई सहयोगको घोषणा गरेका छन् । उनले सहयोगका लागि आफूहरू तयार रहेको भन्दै घटनाप्रति दुःख व्यक्त गरेका छन् । 'हामी हाम्रा मोरक्कन दाजुभाइहरुलाई हरेक कठिन समयमा सहयोग गर्नेछौं,' एर्दोगानले सामाजिक सञ्जाल एक्स (ट्विटरको परिस्कृत रुप) मार्फत् भनेका छन्। रेडक्रसको अन्तर्राष्ट्रिय महासंघले मोरक्कोमा २४ देखि ४८ घन्टाको अवधिमा आपतकालीन उद्धार टोली खटाउन सकिने जनाएको छ । यसैबीच रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि मोरक्कोका जनताको पीडा र शोकप्रति ऐकवद्धता र समवेदना व्यक्त गरे ।

मोरक्कोमा भूकम्पपछि सुनामीको खतरा भने कसैले औंल्याएको छैन । भूकम्पपछि दर्जनौं परकम्पहरु गए पनि त्यसले सुनामी निम्त्याउने प्रक्षेपण गरिएको छैन । ती परकम्पहरूले पहिलो भूकम्पभन्दा सानो धक्का दिइरहेका छन्। मोरक्कोमा यसअघि पनि विभिन्न समयमा शक्तिशाली भूकम्पले ठूलो क्षति पुऱ्याएका थिए । २००४ मा शक्तिशाली भूकम्प जाँदा ६ सय २८ जनाको मृत्यु भएको थियो। त्यस्तै १९६० को शक्तिशाली भूकम्पमा १२ हजारको ज्यान गएको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि मोरक्कोको भूकम्पप्रति दुःख र समवेदना व्यक्त गर्दै सहयोग उपलब्ध गराउने बताएका छन्। 'मोरक्कोमा भूकम्पबाट भएको जनधनको क्षति र विनाशबाट मलाई गहिरो दुःख लागेको छ । त्यहाँ आवश्यक सहयता उपलब्ध गराउन अमेरिका तयार छ,' बाइडेनले उल्लेख गरेका छन् । *(अनलाइनको सहयोगमा)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# जनशक्ति व्यवस्थापन आवश्यक

कुनै बेला 'रिफर अस्पताल'को रुपमा चिनिएको हेटौंडा अस्पतालको अवस्था अहिले धेरै सुधार भइसकेको छ । अस्पतालको भौतिक विकाससँगै सेवा सुविधा वृद्धि भएपछि अहिले अधिकांश रोगको उपचार हेटौंडामा नै सम्भव भइसकेको छ । हेटौंडा अस्पतालले विशेषज्ञ चिकित्सकसहित विभिन्न रोगको उपचार सेवा थप गर्दै लगेका कारण अस्पतालप्रति आम सर्वसाधारणको विश्वास पनि बढ्दै गएको छ । अस्पतालको भौतिक पूर्वाधार थप, सेवा विस्तार, विशेषज्ञ चिकित्सकको व्यवस्था, आवश्यक उपकरणको सुविधा, उपचारका नयाँ प्रविधिको उपलब्धतासँगै बिरामीको चाप पनि बढ्दै गएको छ । बागमती प्रदेश सरकारअन्तर्गत्को मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको मेडिकल कलेजको रुपमा हेटौंडा अस्पताललाई सञ्चालन गरिएपछि यसको भौतिक विकास तथा सेवा विस्तार भइरहेको छ । तर, अझै हेटौंडा अस्पतालमा कतिपय रोगको उपचारका लागि विशेषज्ञ चिकित्सकको व्यवस्था र सबै विभागमा पर्याप्त जनशक्तिको व्यवस्था हुन सकेको छैन ।

हेटौंडा: हेटौंडा अस्पतालको फिजियोथेरापी विभागमा जनशक्ति अभाव रहेको बताइएको छ । अस्पतालको फिजियोथेरापी विभागमा एकजना फिजियोथेरापिस्ट डाक्टर एकजना सहयोगीमात्र कार्यरत रहेकाले बिरामीको उपचारमा समस्या भएको बताइएको हो ।

अस्पतालको फिजियोथेरापी विभागका थप जनशक्तिको टड्कारो आवश्यकता देखिएको छ । फिजियोथेरापी विभागले जनशक्तिको अभावले बिरामीलाई सहज सेवा दिन नसकिरहेको पाइएको छ । दैनिक ४० जनासम्म बिरामी फिजियोथेरापीका लागि अस्पतालमा आउने गरेको भए पनि उक्त विभागमा एक जना फिजियोथेरापिस्ट र एक जना सहयोगी गरी दुई जना जनशक्तिको मात्र व्यवस्था रहेको बताइएको छ । अस्पतालको फिजियोथेरापी विभागमा ढाड दुखेर, पाखुरा सुन्निएर, घुँडा दुखेर फिजियोथेरापी गराउन आउने बिरामीको संख्या उल्लेख्य रहने गर्दछ । यस्तै, घुँडा खिएका, हात तथा खुट्टाका जोर्नी भाँचिएका, बाथ रोग लागेका, पैताला तथा कुर्कुच्चा दुखेका बिरामीसमेत फिजियोथेरापीका लागि आउने गरेका छन् । वृद्धवृद्धादेखि बालबालिकासम्म फिजियोथेरापीका लागि अस्पतालमा सेवा लिन आउने गरेको भए पनि जनशक्ति अभावका कारण समस्या भएको बताइएको हो । अस्पतालमा फिजियोथेरापी सेवाका लागि आवश्यक उपकरण भए पनि पर्याप्त जनशक्ति नहुँदा सेवाग्राहीले सहज उपचार पाउन सकेका छैनन् । फलस्वरुप सेवाग्राही महंगो शुल्क तिरेर निजी अस्पतालमा फिजियोथेरापी गराउन बाध्य हुनु परिरहेको छ ।

विगतमा जिल्ला अस्पतालको रुपमा रहेको हेटौंडा अस्पताललाई क्षेत्रीय अस्पतालको रुपमा विकास गर्ने निर्णय तथा प्रयास भएको भए पनि कार्यान्वयन हुन सकेको थिएन । स्वास्थ्य विज्ञान प्रतिष्ठानको मातहतमा आउनुअघि अस्पतालको शैया बढाउने र केही विशेषज्ञसहित चिकित्सक दरबन्दी थप्नेबाहेक अस्पतालको सुधार र विकासमा उल्लेख्य काम हुन नसक्दा अस्पतालको सेवा सुविधा कमजोर थियो । विगतमा एक पटक हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गराउने प्रयत्न गरिएको भए पनि सफल भएको थिएन । हुन त हेटौंडामा प्रतिष्ठानको छुट्टै मेडिकल कलेज हुने हो र हेटौंडा अस्पताल पनि सुविधासम्पन्न बन्ने हो भने उपचार सेवामा थप सहजता हुने निश्चित छ । तर, प्रतिष्ठानले आफ्नो छुट्टै मेडिकल कलेज सञ्चालन गर्दा विगतमा जस्तै हेटौंडा अस्पताल उपेक्षित हुने सम्भावना पनि उत्तिकै भएकाले तत्कालका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतमै सञ्चालन गर्दै उपचार सेवालाई सहज बनाउनु उचित हुनेछ ।

अस्पतालको भौतिक अवस्था अहिले निकै सबल देखिन्छ । नयाँ भवनबाट सेवा सञ्चालन भएसँगै अस्पतालमा शैया थप गर्न र हरेक रोगको छुट्टाछुट्टै विभाग बनाई उपचार सेवा दिन सहज भएको छ । साथै, पुरानो इमर्जेन्सी सेवा दिइँदै आएको भवन र फार्मेसी तथा टिकट काउन्टर भएको क्षेत्रमा अर्को भवन निर्माण भइरहेको हुँदा उक्त भवन निर्माण भइसकेपछि उपचार सेवा थप विस्तार गर्न अझ सजिलो हुनेछ । भवन र उपकरणसँगै जनशक्तिको उचित व्यवस्थापन अर्को महत्वपूर्ण पक्ष हुन्छ । अस्पताललाई प्रदेश सरकारले उपलब्ध गराएको विभिन्न किसिमका एक सय ३० जना स्वास्थ्यकर्मी तथा कर्मचारीको छनौट प्रक्रिया चलिरहेको अवस्थामा फिजियोथेरापीलाई उपेक्षा गरिनुले अस्पताल प्रशासनले अस्पतालको लागि आवश्यक सबै खाले जनशक्ति व्यवस्थापनमा ध्यान नदिएको देखिन्छ । आगामी दिनमा अस्पतालमा उपचारका लागि आउने सबै खाले बिरामीको लागि उपचार सेवा सहज हुनेगरी सबै प्रकारका जनशक्ति व्यवस्थापनमा ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : साझेदारीका कामबाट लाभ प्राप्त । |
| **वृष** | : व्यवहारिक र प्राविधिक काममा लागी परिइएला । |
| **मिथुन** | : बौद्धिकताले आफ्नो वर्चस्व कायम रहला । |
| **कर्कट** | : आफन्तजनबाट सुख र आनन्द प्राप्त होला । |
| **सिंह** | : आकस्मिक सम्मान र धन प्राप्ति योग रहला । |
| **कन्या** | : समझदारी र सहकार्यको भावनामा विकास होला । |
| **तुला** | : रिस र घमण्डले आफूलाई नै हानी होला । |
| **वृश्चिक** | : शारीरिक आलस्यता र मन विचलित होला । |
| **धनु** | : दौडधुप र यात्रामा सरिक भइने योग छ । |
| **मकर** | : पारिवारिक सहयोग त्यति प्राप्त नहोला । |
| **कुम्भ** | : काममा सतर्कता साथै विवेक प्रयोग गर्दा राम्रो । |
| **मीन** | : आध्यात्मिक र दार्शनिक काममा मन लागला । |

# स्वर्णयुगको अँध्यारो पाटो



**चेतन अधिकारी**

हिमाल पहाड तराईको सङ्गमस्थल नेपाल । पर्यटकीय दृष्टिकोण संसारकै अब्बलमध्येको एक देश नेपाल । सगरमाथादेखि केचनासम्मको देश नेपाल । यस्तो सुन्दर देशमा बस्ने नेपाली पनि सुन्दर हुने नै भए ।

त्यसमाथि हाम्रो देशको जनसङ्ख्याको बनावट यतिबेला झन् सुन्दर देखिन्छ । 'कन्ट्री अफ युथ' अर्थात् युवाको देश नेपाल भनिने नेपाल अहिले सुनौलो युगमा छ। तथापि स्वर्ण युगलाई नेपालले नै उपयोग गरिरहेको छ कि अरु कसैले ? अहिलेको अह प्रश्न हो यो ।

प्राकृतिक स्रोतको सीमितताका कारण मानव स्रोत विश्वको वैकल्पिक सम्पदा हो । नेपाल अहिले त्यस्तै अथाह सम्भावनायुक्त मानव स्रोतको भण्डार बोकेर बसेको छ । तर यो भण्डारलाई हामीले उपयोग गर्न सकेका छौँ कि छैनौँ ? यो बहसको विषय हो । निश्चय नै मानव स्रोतयुक्त अहिलेको अवस्थालाई नेपालले उपयोग गर्न सकेको छैन । बरु यहाँबाट समृद्धिका हरेक सम्भावना हरेक दिन जेट विमान चढेर विश्वका विभिन्न देशका पुगिरहेका छन् ।

नेपाल जनसाङ्ख्यिक हिसाबले इतिहासकै सबैभन्दा उर्बर समयमा छ । जनसङ्ख्यासँग सम्बन्धित विभिन्न सूचकहरुले यस कुरालाई प्रमाणित गरेका छन् । कामगरी काम गरेर खानसक्ने सक्रिय जनसङ्ख्या (१५-५९) वर्ष उमेर समूहका मानिसहरु कुल जनसङ्ख्यामा ६१ दशमलव ९६ प्रतिशत रहेका छन् ।

नेपालको जनसंखिक इतिहासमा सक्रीय जनसङ्ख्यायति धेरै भएको समय पहिलो पटक हो । त्यस्तै १४ वर्षभन्दा मुनिका बालबालिका र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक पनि न्यून भएको समय हो अहिले । यसको अर्थ नेपालमा काम गर्न सक्ने मानिससँग आश्रित हुने जनसङ्ख्यामा इतिहासमा नै उच्च गिरावट आएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको आश्रित जनसङ्ख्या ३८ दशमलव ०४ प्रतिशत छ । जसमा १४ वर्षभन्दा कम उमेरका बालबालिका २७ दशमलव ८३ र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक १० दशमलव २१ प्रतिशत रहेका छन् । उपरोक्त तथ्याङ्क हेरेपछि भन्न सकिन्छ नेपाल इतिहासकै उज्यालो युगमा छ ।

इतिहासकै सम्भावनायुक्त समयमा छ । इतिहासकै आर्थिक सूचक उच्च बनाउने समयमा छ । तर यी सम्भावना माथि नेपाली आकाशमा केही बादलहरु पनि मडारिएका छन् । तिनको केही विश्लेषण गरौं ।

**स्वर्णयुगको अँध्यारो पाटो**

तथ्याङ्कले नेपालमा युवा जनशक्ति र समृद्धिको अथाह सम्भावना देखिए पनि त्यो समृद्धिको स्रोतको उपभोग विदेशीले गरिरहेको देखाउँछ । नेपालमा भविष्यको सुनिश्चितता नदेखेर, राज्य व्यवस्थाले युवालाई अवसर दिन नसकेर र युवामा आशा सञ्चार गराउन नसकेका कारण नेपाली युवाले देश छोडिरहेका छन् ।

जनगणनाले २३ प्रतिशत घरका युवा वैदेशिक रोजगारीमा गएको देखाएको छ । आखिर मानिसहरु किन विदेश गइरहेका छन् त ? गायक तेजेन्द्र गन्धर्वको एउटा गीतको टुक्राले मानिस विदेश जानुको कारण स्पष्ट बनाएको छ । यो गीतको टुक्रालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

*हे आमा मीठो खाने राम्रो लाउने आशले....*
*विदेश जान थाले झन्झन् हाम्रा गाउँले ।*
*गाउँबस्ती दिनदिनै खाली हुन थाले.....*
*सन्तानको साथ पाउन छाडे आमा बाले ।*

सारङ्गीको धुनमा यूटुबमा भेटिने यो गीतले जो कोही नेपालीलाई पनि भावुक बनाउँछ नै । आफ्नो गाउँ छोडेर किन कोही वैदेशिक रोजगारीमा जान्छ ? यसको सहज जवाफ छ मीठो खाने, राम्रो लाउने, सन्तानलाई राम्रो शिक्षा दिने आदि चाहनाले मानिसहरु घर परिवार छोडेर वैदेशिक यात्रामा उडिरहेका छन् ।

अब प्रश्न उठ्छ यदि उनीहरुको मीठो खाने, राम्रो लाउने चाहेको जस्तो शिक्षा पाउने चाहना स्वदेशमै पूरा भए उनीहरु श्रीमती, श्रीमान्, छोराछोरी र बाबुआमा छोडेर विदेश जान्थे होलान् त ? पक्कै पनि जाने थिएनन् । तर हाम्रो राज्य संरचनाले नेपाली युवाका यी साना साना सपना पनि पूरा गर्न सकेन ।

त्यसैको फलस्वरुप समृद्धिका स्रोतको रुपमा करिब २२ लाख युवा अहिले नेपाल बाहिर आफ्नो श्रम र पसिना बगाइरहेका छन् । यो तथ्याङ्क केबल औपचारिक च्यानलबाट वैदेशिक रोजगारीमा गएकाहरुको हो । अनौपचारिक च्यानल र खुला सिमानाको उपयोग गर्दै भारत र त्यहाँमार्फत विभिन्न देश पुगेका नेपाली युवाहरुको तथ्याङ्क यहाँ समावेश छैन ।

नेपालको युवा जनसङ्ख्यामध्ये अर्को एउटा समूह छ, जो उच्च शिक्षाका नाममा नेपाली रुपैयाँसहित विदेशका विश्वविद्यालयमा पढ्ने बहानामा दैनिकरुपमा जेट विमानको यात्रा गरिरहेको छ। कक्षा १२ सकेर उच्च शिक्षाका नाममा विदेशका विश्वविद्यालयमा अग्रिम शुल्क बुझाएर विदेशिएका अधिकांश विद्यार्थी स्वदेश नफर्कने मात्र होइन, उनीहरुसँग ठूलो मात्रामा नेपाली रुपैंया पनि डलर बनेर विदेशिरहेको छ ।

नेपालमा गुणस्तरीय शिक्षा र त्यसपछिको रोजगारीको अभावलाई कारण मान्दै विदेशिएको यो किशोर समूह देशका लागि झन् घातकसिद्ध भएको छ । किनकी वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका नेपाली युवाहरु स्वदेश फर्कने सम्भावना पनि उत्तिकै हुन्छ भने उनीहरुले पठाएको रेमिटेन्स केही वर्ष यता परिवार मात्र होइन, देशको अर्थतन्त्रको बलियो टेको पनि भएको छ । तर अध्ययनका नाममा विदेसिएकाहरुले आफूसँगै नेपालको अर्थतन्त्र पनि लिएर गएका छन् ।

माथिको तालिकामा नेपालबाट विदेशिएका नेपालीहरुको तथ्याङ्क उल्लेख

कुन प्रदेशबाट कति युवा विदेशमा ?

| प्रदेश | जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|
| कोशी | ३,४३,०३४ | २,८६,६३१ | ५६,४०४ |
| मधेस | ३०,४२,६८६ | २,९२,४२७ | ११,८५९ |
| बागमती | ३,९७,९३० | २,८०,१२० | १,१७,८१० |
| गण्डकी | २,८६,५९३ | २,३९,७८८ | ४६,८०५ |
| लुम्बिनी | ४२,०९०६ | ३६,७६७० | ५३,२३६ |
| कर्णाली | ९४,३२० | ७७,२७८ | १७,०४२ |
| सुदुरपश्चिम | ३,४३,५२३ | २,५५,७६१ | ८७,७६२ |
| नेपाल | २१,९०५९२ | १७९९६७५ | ३,९०,९१७ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

गरिएको छ। उमेर समूहकै आधारमा विभाजन नगरिएको भए पनि यिनीहरु अधिकांश वैदेशिक रोजगारीमा गएका १८ देखि ५० वर्ष उमेर समूहका मानिस हुन् भन्ने कुराको अनुमान लगाउन खास गाह्रो छैन ।

अहिले २१ लाख ९० हजार पाँच सय ९२ जना नेपाली वैदेशिक रोजगारीमा छन् । त्यसमध्ये पुरुषको सङ्ख्या १७ लाख ९९ हजार छ सय ७५ र महिलाको सङ्ख्या तीन लाख ९० हजार ९ सय १७ जना रहेको छ । यसरी विदेश जाने मध्ये सहरी क्षेत्रको सङ्ख्या उल्लेख्य छ ।

नेपालको नगरपालिका अर्थात सहरी क्षेत्रका बासिन्दामध्ये १४ लाख ६८ हजार १७ जना वैदेशिक रोजगारीमा गएका छन् । गाउँपालिका अर्थात् ग्रामीण क्षेत्रबाट सात लाख २२ हजार ७५ जना वैदेशिक रोजगारीमा छन् ।

भौगोलिक हिसाबले हेर्दा सबैभन्दा ठूलो सङ्ख्याको जनसङ्ख्या तराईले ओगटे जस्तै सबैभन्दा ठूलो सङ्ख्यामा विदेश जानेहरु तराई क्षेत्रबाट नै छन् । तराईबाट १० लाख ८३ हजार आठ सय नौ जना वैदेशिक रोजगारीमा गएका छन् ।

पहाडी क्षेत्रबाट नौ लाख ९० हजार सात सय २३ जना विदेशमा छन् । हिमाली क्षेत्रबाट एक लाख १६ हजार ६० जना वैदेशिक रोजगारीका लागि गाउँ छोडेको देखिन्छ ।

वैदेशिक रोजगारीपछि अर्को एउटा दुःखलाग्दो दृश्य हामीले देखिरहेका छौं । हरेक दिन साँझ त्रिभूवन अन्तर्राष्ट्रिय विमान स्थलबाट 'उज्ज्वल भविष्यको कामना' गर्दै किशोर उमेरमा हजारौं नानीबाबुहरुलाई विदेश पठाइरहेका छौं ।

विदेशमा उज्ज्वल भविष्यको कामना गर्ने हामीहरु स्वदेशमै त्यो भविष्य खोज्न कतै चुकिरहेका छौँ कि भन्ने लागेको छ ।

गत जेठमा कक्षा १२ को परीक्षा सकिएपछि एक संस्थाले ती परीक्षार्थीमा गरेको सर्वेक्षणअनुसार १२ कक्षाको परीक्षा दिएका करिब पाँच लाख विद्यार्थीमध्ये ८८ प्रतिशतले आफूले विदेश जान चाहेको बताएका थिए ।

देशको भविष्य आफ्नो काँधमा बोक्नुपर्ने नवयुवा नफर्किने गरी रोजीरोजी विश्वका सम्भ्रान्त देशतर्फ लम्किएका छन् । त्यता जान नसक्ने युवा र वयस्कहरु खाडीका देशमा पसिना र श्रम बेच्न जानु पर्ने बाध्यतामा छन् । खुला सिमानाको प्रयोग गरेर भारतमा रोजगारी गर्न जानेहरुको त हिसाबै छैन ।

घट्दो जन्मदर, घट्दो मृत्युदर बढ्दो शैक्षिक र आर्थिक अवस्था, बढ्दो औसत आयु आदि कारणले नेपाल जनसाङ्खिक लाभको सुनौलो समयमा छ । तर यो सुनौलो समयलाई नेपालले उपभोग गर्न नसक्नु यसको अँध्यारो पक्ष हो ।

जनसङ्ख्याको यही पलायनता निरन्तरता हुँदै जाने हो भने कुनै बेला नेपालमा 'डेमोग्राफिक क्राइसिस' पो आउने हो कि भन्ने चिन्ता पनि व्याप्त छ । किनकी बच्चा जन्माउने दर जन्मदर प्रतिमहिला दुईभन्दा कम भएको छ ।

मानिसले विवाहप्रतिको चाहनालाई पछि सार्दै ढिलो विवाहको संस्कार विकसित भइरहेको छ । हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक छ । एक दशकअघि २७ जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक थियो । यसपटक थप सातवटा जिल्लाले जनसङ्ख्या गुमाए ।

खासमा मानव स्रोतको अब्बल उपयोग हुनुपर्ने नेपालमा अहिलेको अवस्था आउनु दुःखद् नै हो । कलकारखाना, उद्योगधन्दा, रोजगारी, गुणस्तरीय शिक्षा, सरल र अब्बल दर्जाको स्वास्थ्य सेवा पाउनु पर्ने समय थियो यो । यदि त्यसो हुन्थ्यो भने नेपालीहरु नेपालमै हुन्थे । विद्यार्थीहरु पढ्न विदेश जानु पर्ने थिएन ।

सामाजिक सुरक्षालगायतको उचित प्रवन्ध राज्यले गरिदिने हो भने आफ्नो घरपरिवारसँग बसेर रमाइलो साट्थे सबै नेपाली युवाहरुले । तर विडम्बना विश्वले नेपालको जनसाङ्खिक सूचक हेर्दा स्वर्ण युगमा देख्छन् तर स्वर्ण युग भित्रको अँध्यारो पाटो कसले देख्ने ? नेपाली श्रमिकले पठाएको रेमट्यान्सको धिपधिपे उज्यालोबाहेक स्वर्ण युगमा गर्व गर्न लायक कुरा नेपालले पाएको छैन ।

जन्मदरको घट्दो ग्राफ र विदेश जानेको लम्बिदो रेखा देख्दा लाग्छ नेपाल कुनै 'डि पपुलेटेड' देशका रुपमा दर्ज हुने पो हो कि । शायद नेपालको यस्तै परिदृष्यलाई देखेर होला कवि अर्जुन पराजुलीले केही दिनअघि सामाजिक सञ्जालमा यस्तो कविता लेखेका थिए ।

*केही वर्षपछि मेरो देशमा*
*सटर हुनेछन्,पसल हुने छैनन्*
*जमीन हुनेछ,फसल हुने छैनन्*
*अस्पताल हुनेछन्,नर्स हुने छैनन्*
*बिरामी हुनेछन्,डाक्टर हुने छैनन् ।*

*(लेखक पत्रकार हुनुहुन्छ । स्रोतः रातोपाटी)*

# कुञ्जल क्रियाले कसरी पेट सफा गर्छ ?

योगाभ्यास एक शारीरिक व्यायाम मात्र होइन, जीवनलाई सरल र सहज बनाउने एक बेजोड तरिका पनि हो । जुन जो कोहीले पनि आफ्नो शारीरिक क्षमता र आफ्नो स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर गर्न सक्छन् ।

योगाभ्यासमध्ये 'कुञ्जल क्रिया' मात्र गर्न सकियो भने सम्पूर्ण शरीरलाई फाइदा गर्छ । अन्य योग अभ्यासभन्दा यो अभ्यास अलि फरक र अनौठो छ । किनभने यसमा आफैं बान्ता गर्नुपर्ने हुन्छ ।

### कुञ्जल क्रिया के हो ?

कुञ्जल क्रिया शरीरबाट विषाक्त पदार्थ निकाल्ने जबर्जस्त टेक्निक हो । शरीरलाई मात्र होइन, नियमित रुपमा



यो क्रिया गर्दा मन पनि नियन्त्रित रहन्छ । यसबाहेक जर्नल अफ आयुर्वेद एण्ड एन्टिग्रेटिभ मेडिसिनमा प्रकाशित एक अध्ययन अनुसार बान्ता गरेपछि व्यक्तिलाइ खालीपन महसुस हुन्छ । खाली पेटमा नुन पानी पिउनाले सहजै बान्ता आउँछ । र, बान्ताबाट शरीरका विषाक्त पदार्थ बाहिरिन्छ ।

### कसरी गरिन्छ ?

१. कुञ्जल क्रिया बिहान खाली पेटमा गर्नुपर्छ । सबैभन्दा पहिला हरेक एक लिटर पानीमा एक चम्चा नुन हालेर ठीक पार्नुपर्छ ।

२. कगासन मुद्रामा बसेर पानी चारदेखि पाँच गिलास मनतातो नुन पानी पिउनुपर्छ ।

३. पानी पिउनासाथ उठेर दुवै खुट्टालाई ९० डिग्रीको कोण बनाएर अगाडि

...बाँकी पृष्ठ ३ मा

# बागमती प्रदेशसभा बैठक: सभामुखद्वारा सर्वदलीय बैठक आह्वान

हेटौंडाः बागमती प्रदेशसभा बैठक सञ्चालनका लागि सर्वदलीय बैठक आह्वान गरिएको छ । भदौ २४ गते आइतबारका लागि बोलाइएको प्रदेशसभा बैठक चल्ने अवस्था नदेखेपछि प्रदेशसभाका सभामुख भुवनकुमार पाठकको अगुवाइमा बैठक सञ्चालनको लागि सर्वदलीय बैठक बोलाइएको हो ।

सभामुख पाठकले आइतबार बिहान १० बजेका लागि सर्वदलीय बैठक बोलाएको बागमती प्रदेशसभा सचिवालय हेटौंडाले जनाएको छ । बैठक प्रदेशसभा सचिवालयमा नै बस्नेछ । पछिल्लो समय प्रदेशसभा बैठक सञ्चालनमा भइरहेको समस्या समाधानका लागि सभामुख पाठकले सबै दलहरुसँग छलफलको तयारी गरेका हुन् । उनले प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूका तर्फबाट दलका नेता, सचेतक तथा प्रतिनिधिहरुलाई उपस्थित हुन सूचना पठाएको सचिवालयले जनाएको छ ।

उक्त बैठकमा सहमति जुट्न सकेको खण्डमा भदौ २४ गते आइतबार बिहान ११ बजेका लागि बोलाइएको बैठक सञ्चालन हुनेछ । गत २ महिनादेखि प्रदेशसभा बैठक बस्न सकेको छैन । गत भदौ १८ गतेका लागि आह्वान गरिएको प्रदेशसभा पनि सरकार र विपक्षी दलहरू बिच सहमति हुन नसकेपछि स्थगित हुँदै आएको छ ।

१८ गतेदेखि हालसम्म गरी प्रदेशसभा बैठक ३ पटक सारिएको छ । १८ गते दिउँसो १:३० बजेका लागि बोलाइएको बैठक सरकार र विपक्षी दलबिच सहमति कार्यान्वयनको सम्बन्धमा विवाद भएपछि स्थगित गरिएको थियो । निर्धारित समयमा पनि बैठक सञ्चालन नभएपछि सूचना टाँस गरेर उक्त बैठक सोही दिन ४ बजेका लागि बोलाइएको थियो । ४ बजेको बैठक पनि बस्न नसकेपछि सूचना टाँस गरेर २० गते १ बजेका लागि प्रदेशसभा बैठक बोलाइएको थियो ।

त्यसबिचमा सरकार र विपक्षी दलहरूबिच भएको पटक-पटकको छलफलबाट ठोस निष्कर्ष निस्कन नसकेपछि २० गतेका लागि बोलाइएको बैठक सूचना टाँस गरेर २४ गते बिहान ११ बजेका लागि बोलाइएको थियो । २४ गतेको बैठक पनि चल्न सक्ने अवस्था नदेखिएपछि सभामुख पाठकले सर्वदलीय बैठक बोलाएका हुन् ।

चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट पारित गर्दाको समयमा विपक्षी दलहरूसँग गरेको सहमति कार्यान्वयन गर्न माग गर्दै प्रदेशसभा सञ्चालनमा एमाले र राप्रपाले दबाब बनाइरहेका छन् । उनीहरूले सहमति कार्यान्वयन नभएसम्म बैठक चल्न नदिने चेतावनी दिएसँगै बैठक प्रभावित बनेको हो ।

यता सरकार भने प्रतिपक्षसँगको सहमति कार्यान्वयन गर्न सकारात्मक रहेको बताउँदै आएको छ । सरकारले प्रतिपक्षको माग सम्बोधन गर्ने गरी सम्झौताअनुसार एमालेलाई ४५ करोड रुपैयाँ र राप्रपालाई २५ करोड रुपैयाँको योजना तथा कार्यक्रम बजेटमा समावेश गर्ने गरी मन्त्रिपरिषद् बैठकबाट निर्णय गरिसकेको बताउँदै आएको छ । तर, सो सम्झौता कार्यान्वयनमा प्रक्रिया मिलाउनु पर्ने भएकाले पहिलो त्रैमासिकसम्म कुर्न विपक्षी दललाई आग्रह गर्दै आएको छ ।

*(स्रोतः रातोपाटी)*

# अध्यापन अनुमतिका लागि ४४६१ ले परीक्षा दिए

समाज संवाददाता

हेटौँडाः माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्तिका लागि मकवानपुर जिल्लामा शनिबार ४ हजार ४ सय ६१ जनाले परीक्षा दिएका छन् । बागमती प्रदेशका विभिन्न जिल्लाका परीक्षार्थीका लागि १५ विद्यालयमा २४ वटा केन्द्र निर्धारण गरिएको थियो ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले परीक्षाको व्यवस्थापन गरेको थियो । इकाईकी अधिकृत उन्नति ढकालका अनुसार परीक्षामा सहभागी हुन ६ हजार २ सय ४० जनाले आवेदन दिएका थिए । शान्तिपूर्ण वातावरणमा परीक्षा सम्पन्न भएको ढकालले बताउनुभएको छ । इकाईले एउटै विद्यालयमा एउटादेखि तीनवटासम्म परीक्षा केन्द्र कायम गरेको थियो । परीक्षार्थीको सहजताका लागि शिक्षक सेवा आयोगले काठमाडौंमा पनि परीक्षा सञ्चालन गरेको थियो ।

# राप्ती बगरमा वृक्षरोपण



*वृक्षरोपण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः नेपाल दशनामी समाज मकवानपुरले शनिबार हेटौँडा-१०, राप्तीबगरमा वृक्षरोपण गरेको छ । दशनामी समाजका केन्द्रीय सदस्य तुलसी गिरी, जिल्ला अध्यक्ष सुदिप राज गिरी, वरिष्ठ सल्लाहकार हरि गिरीसहित दशनामी समाजका पदाधिकारी तथा सदस्यका परिवारसहितको सहभागितामा वृक्षरोपण गरिएको छ । जडिबुट्टी प्रजातिका हर्रो, बर्रो, अमला, राजवृक्षसँगै सीमलका बिरुवा रोपिएका छन् । एक सय वटा बिरुवा रोपिएको दशनामी समाज मकवानपुरका अध्यक्ष सुदीप राज गिरीले जानकारी दिनुभयो । जटिबुट्टीका साथै राप्ती बगर क्षेत्रमा विशेषगरी गिद्द चराको संरक्षणमा सहयोगी सावित सिमलका बिरुवा रोपिएको अध्यक्ष गिरीले बताउनुभयो ।

# बस दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौंः बाँकेको राप्तीसोनारी गाउँपालिका-८ शम्शेरगञ्जमा शुक्रबार बेलुका भएको बस दुर्घटनामा ७ जनाको मृत्यु भएको छ । शुक्रबार बेलुका साढे ९ बजे दाङबाट बर्दिया जाँदै गरेको ना ७ ख २३२१ नम्बरको बस बाँकेको राप्तीसोनारी गाउँपालिका-८ शमशेर गञ्जमा सडकमा रोकिराखेको ना ८ ख ६४०५ नम्बरको ट्रकसँग ठोक्किँदा चालकसहित सात जनाको मृत्यु भएको हो ।

बाँकेका डिएसपी नारायण डाँगीका अनुसार मृत्यु हुनेमा बर्दियाको ठाकुरबाबा नगरपालिका-९ का ५० वर्षीय काशीराम थारू, ५५ वर्षीया कस्तुरी थापा, ५० वर्षीया रूपा परियार, ४० वर्षीया जयन्ती थारू, ६५ वर्षीय चानुराम थारू छन् । बसका चालक बर्दियाको ठाकुरबाबा-८ का ५५ वर्षीय जुगबहादुर चन्दको सहचालक बर्दियाको बारबार्दिया नगरपालिका-७ का ३४ बसन्त कार्कीको पनि मृत्यु भएको छ । डिएसपी डाँगीका अनुसार बसमा ४१ यात्रु सवार थिए । उनीहरू सबै बेतना सामुदायिक वन उपभोक्ता समितिबाट धार्मिक भ्रमणमा गएका थिए । धार्मिक भ्रमणबाट फर्किने क्रममा सडकमा रोकिएको ट्रकसँग बस ठोक्किएको हो ।

दुर्घटनामा २८ जना घाइते भएका छन् । तीमध्ये २ जनाको अवस्था गम्भीर छ भने बाँकी १९ जनाको अवस्था मध्यम र सामान्य रहेको डिएसपी डाँगीले जानकारी दिए । ठाकुरबाबा नगरपालिका-९ का ६७ वर्षीय बलबहादुर थारू र ४० वर्षीया आशा बिक गम्भीर घाइते छन् । डिएसपी डाँगीका अनुसार घाइते सबैको उपचार कोहलपुर मेडिकल कलेजमा भइरहेको छ । *स्रोतः सेतोपाटी ।*

# जोशी केन्द्रीय सदस्य

समाज संवाददाता

हेटौँडाः नेपाल औषधी व्यवसायी संघको केन्द्रीय सदस्यमा मकवानपुरकी कपिला जोशी सर्वसम्मत निर्वाचित हुनुभएको छ । शनिबार बीरगन्जमा सम्पन्न संघको १४ औं महाधिवेशनबाट जोशी सर्वसम्मत केन्द्रीय सदस्य निर्वाचित हुनुभएको हो । अधिवेशनबाट अध्यक्षमा प्रकाश कुमार खण्डेवाल निर्वाचित हुनुभएको छ ।

# कांग्रेसको आयोजनामा तीज विशेष कार्यक्रम

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस नगर समिति हेटौंडा उपमहानगरपालिकाद्वारा हरितालिका तीजको अवसरमा तीज विशेष तथा सम्मान कार्यक्रम आयोजना गरेको छ । शनिबार नेपाली कांग्रेस हेटौंडा नगर उप-सभापति डोल्मा स्याङ्बोको अध्यक्षता तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य नानु बास्तोलाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

हेटौंडा उपमहानगरका १९ वटै वडाका महिलाहरुको उपस्थिति रहेको कार्यक्रममा महिलाहरुलाई दरसमेत खुवाइएको थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, बागमती प्रदेश सदस्य जानकी लामा, नेपाली कांग्रेस मकवानपुर जिल्ला सचिव भीमसेन महत, जिल्ला-सहसचिव इन्दिरा न्यौपाने, हेटौंडा नगर सभापति उत्सव इटेनी, नगर सचिव तथा हेटौंडा-१, का वडा अध्यक्ष सविन न्यौपाने, कांग्रेस मकवानपुरका पूर्वसभापति रामचन्द्र अर्याल (माइकल), कांग्रेस नगर समितिका निवर्तमान अध्यक्ष आनन्दराम पराजुली, नेपाली कांग्रेसका नेता कार्यकर्ताहरु, हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडाका सभापतिहरु, विभिन्न संघसंगठनका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# कुन्जल क्रियाले...

थोरै अगाडि झुकेर उभिनुपर्छ । यसरी पानी पिउने बित्तिकै निहुरिंदा बान्ता आउन मद्दत पुग्छ ।

४. जब पेट खाली भइसकेको अनुभव हुन्छ । तब शवासन मुद्रामा ३० मिनेट बस्नपर्छु ।

५. यो क्रिया गर्दा विशेषज्ञको निगरानीमा गर्नु उचित हुन्छ । यो विधि महिनामा एक वा दुईपटक गरिन्छ ।

**पाचन प्रणालीमा सुधार**

बान्ता गर्दा मांसपेशी संकुचित हुन्छ । बान्ताले मांसपेशीहरू टाइट हुन्छ । पेटको मांसपेशी सुक्दै गएर बोसो घटाउँदै पेटमा रगतको प्रवाह बढाउँछ । यसले शरीरमा रहेको अनावश्यक विषाक्त पदार्थ हटाउने, मांसपेशीहरु बलियो बनाउनुका साथै पाचन प्रणालीमा सुधार हुन्छ ।

**रूघाखोकीबाट छुट्कारा**

कुन्जल क्रियाले फोक्सोको मांसपेशीको सहनशक्ति बढाउँछ । यस अभ्यासको कारण फोक्सो सफा हुन्छ । जसले राम्रोसँग सास लिन मद्दत मिल्छ । साथै, रुघाखोकीबाट पनि छुट्कारा दिन्छ ।

**तनाव र चिन्ता कम लिने**

यो क्रिया गर्दा शरीरमा रक्तसञ्चार बढ्छ । रक्तसञ्चार राम्रो हुने बित्तिकै अक्सिजन शरीरको हरेक भागमा पुग्छ । जसले उच्च रक्तचाप सन्तुलित भएर तनाव कम हुँदै जान्छ ।

सावधानी

यो विधि गर्भवती महिला, पेटको शल्यक्रिया गरेका व्यक्ति, १५ वर्षभन्दा कम उमेर र मुटुको समस्या भएकाहरुले गर्न मिल्दैन । *(स्रोतः अनलाईनखबर)*

# सरकारी गाडीको दुरुपयोग रोक्दै युवा

जनकपुरधामः नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल, धनुषाले जनकपुर धाममा सरकारी गाडीको दुरुपयोग रोक्न अभियान थालेको छ । युवा संघले शनिबार बिदाको दिन जनकपुरधामबाट ११ वटा सरकारी नम्बर प्लेटका गाडी नियन्त्रणमा लिएको हो । जसमा दुई चार पाङ्ग्रे र ९ वटा मोटरसाइकल रहेका छन् ।

बिदाका दिन सरकारी गाडी गुडाउन जिल्ला प्रशासन कार्यालयसँग अनुमति लिनुपर्छ । तर अनुमति बेगर सरकारी गाडी चलाउने प्रवृत्ति बढेपछि युवा संघका कार्यकर्ता त्यसलाई रोक्न सडकमा उत्रेका छन् । संघका मधेस प्रदेश अध्यक्ष लव अधिकारीले दुरुपयोग गर्ने क्रममा नियन्त्रणमा लिएका ११ वटा सरकारी गाडी आवश्यक कारबाहीका लागि ट्राफिक प्रहरीलाई बुझाइएको जानकारी दिए । *(स्रोतः रातोपाटी)*

# थाहानगर उद्योग वाणिज्य संघको नयाँ कार्यसमिति चयन

समाज संवाददाता

हेटौंडाः थाहानगर उद्योग वाणिज्य संघको नयाँ कार्यसमिति चयन भएको छ । पुरुषोत्तम ढकालको अध्यक्षतामा २२ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको हो ।

कार्यसमितिको बरिष्ठ उपाध्यक्षमा शम्भु सिंह कार्की, वाणिज्य उपाध्यक्षमा सुरेन्द्रमान प्रधान, उद्योग उपाध्यक्षमा सानुकाजी गोपाली र वस्तुगत उपाध्यक्षमा राजेन्द्र बिडारी चयन हुनुभएको छ । यस्तै, महासचिवमा जर्मलाल श्रेष्ठ, कोषाध्यक्षमा प्रदीप प्रधान, सचिवममा श्रीराम कार्की र सहकोषाध्यक्षमा निरोज प्रधान चयन हुनुभएको छ ।

उद्योगतर्फको सदस्यहरुमा राजनप्रसाद ढकाल, आरती श्रेष्ठ, सुमन विष्ट र हरेराम कार्की चयन हुनुभएको छ । वाणिज्यतर्फको सदस्यहरुमा अञ्जल प्रधान, धर्मलाल प्रधान, ईश्वर कार्की, बलराम थापा, बिक्रम केसी, यादवजंग रायमाझी, जयराम खत्री, यशोदा अधिकारी चयन हुनुभएको छ । यस्तै, वस्तुगत सदस्यमा सुविन्द्रमान प्रधान चयन हुनुभएको छ ।




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

We Are Open

हाम्रो सेवाहरूः



- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

सम्पर्कः ९८४५४३८८६0/0५७-५९११५९

DURBAR AGRO MART

Hetauda–4, Shitalmahal road

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# उसु प्रशिक्षण दिँदै थापा



रोहित थापा

हेटौंडाः हेटौंडा-४ स्थित हुप्रचौरमा उसु प्रशिक्षणका लागि नियमित २० जना खेलाडीहरु सहभागी हुने गरेका छन् । खेलाडीहरुलाई उसु प्रशिक्षक कमल थापा मगरले प्रशिक्षण दिने गर्नुभएको छ ।

प्रशिक्षणका लागि खेलाडीहरु थानाभन्याङ, एचआईडी, कमाने, सिंचाइटोललगायत ठाउँहरुबाट आउने गरेको प्रशिक्षक थापाले जानकारी दिनुभयो । उहाँले विगत ३० वर्षदेखि उसु प्रशिक्षण दिँदै आइरहनुभएको छ । खेलाडीहरुलाई खेल तालिकाअनुसार दिउँसो ४:३० बजेदेखि ५:३० बजेसम्म प्रशिक्षण दिने गरेको उहाँले बताउनुभयो । फिजिकल, इन्डोरेन्स, स्ट्रेन्ज, टेक्निकल, टेक्टिस ट्रेनिङ दिने गरेको उहाँको भनाइ छ ।

सानैदेखि ब्रुस लीको फिल्म हेरेर हुर्केको र विसं २०४५ सालमा प्रनिजध्वज कार्कीले चाइनाबाट सिकेर उसु खेल ल्याउनुभएको उहाँले बताउनुभयो । मकवानपुर जिल्लाले साफ प्रतियोगितामा मेडल प्राप्त गरेको र यहाँका खेलाडीहरु विभागीय टोलीमा पनि आवद्ध रहेको उहाँले जानकारी दिनुभयो । मकवानपुर जिल्लामा उसु खेलाडीहरुको पनि भविष्य राम्रो रहेको प्रशिक्षक थापाको भनाइ छ ।

राष्ट्रपति/उपराष्ट्रपति प्रतियोगिता प्रत्येक वर्ष गराउँदै आइरहेको र वार्षिक तालिकाअनुसार फागुन महिनामा राष्ट्रपति प्रतियोगिता गराउन लागेको उहाँले बताउनुभयो । दोस्रो बागमती प्रदेशस्तरीय प्रतियोगितामा मकवानपुर जिल्लाका १७ जना खेलाडीहरुले सहभागिता जनाएको र त्यसमध्ये ३ जना खेलाडीले स्वर्ण पदक, ५ जनाले रजत पदक र ५ जनाले काश्य पदक प्राप्त गरेको उहाँले बताउनुभयो ।

एउटा उत्कृष्ट खेलाडी बन्न स्वच्छ, ताजा डाइट खानुपर्ने, राम्रो खेलको वातावरण हुनुपर्ने, खेलप्रतिको माया हुनुपर्ने, नियमित ट्रनिङको साथसाथै अनुशासनको पालना गर्नुपर्ने उहाँले बताउनुभयो । कुनै पनि खेलमा सफलता पाउन लगनशीलतासंगै खेललाई प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो ।

आफूले पनि एउटा उत्कृष्ट खेलाडी बन्न उसु खेललाई प्राथमिकता दिएको र २०५२ सालमा राष्ट्रिय खेलकुद परिषदबाट करारमा नियुक्ति पाएर हाल प्रशिक्षण गराउँदै आइरहेको उहाँले बताउनुभयो । मकवानपुर जिल्ला खेलकुद विकास समितिले उसु खेललाई २५ हजार रुपैयाँ बराबरको पन्चिङ पेड, पक्स पेड, उफ्रने डोरीलगायत सामग्री सहयोग गरेको र हेटौंडा उपमहानगरपालिकाले पनि सहयोग गर्दै आएको उहाँले बताउनुभयो । कुनै पनि मार्सल आर्टस् खेलाडीहरुमा भित्रदेखि आँट आएमा, आफूले मिहिनेत गरेमा, नियमित अभ्यास गरेमा आत्मरक्षा गर्नसक्ने उहाँले बताउनुभयो । खेल स्थलको अभाव भएकाले केहि खेलाडीको संख्या उल्लेख्य बढाउन नसकेको उहाँको भनाइ छ ।

# बसले अटोलाई ठक्कर दिँदा पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१०, रातोमाटामा बोर्डिङ स्कूलको बसले अटोलाई ठक्कर दिँदा एक जना पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा दुधौली नगरपालिका-१३ का ५२ वर्षीय समरबहादुर तामाङ रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो ४ बजे ४५ मिनेटको समयमा भित्री सडकखण्डमा जल्किनेबाट दुधौली आउँदै गरेको कमलामाई बोर्डिङ स्कूलको बा४ख ५१३० नम्बरको बसले सोही दिशाबाट जाँदै गरेको प्रदेश १-०५-००१ ह ०१८३ नम्बरको अटोलाई ठक्कर दिएर अनियन्त्रित भएको बसले तामाङलाई ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो ।

घटनामा अटो चालक दुधौली नगर पालिका-१३ का ५० वर्षीय सोनीलाल तामाङ र अटोमा सवार ३५ वर्षीय संगीता मोक्तान सामान्य घाइते भई उपचारका लागि प्रयाग अस्पताल दुधौली लगिएको प्रहरीले जनाएको छ । बस र चालक प्रहरीले नियन्त्रणमा लिएको छ ।

# १२५ जनाको निःशुल्क स्वास्थ्य परीक्षण



शिविरमा दन्त परीक्षण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियामा प्रस्तावित श्री जगद्गुरुत्तम चिकित्सालयमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ । शनिबार भएको शिविरमा १ सय २५ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । शिविरमा हाडजोर्नी तथा नशा स्वास्थ्य, दन्त स्वास्थ्य, सामान्य चिकित्सा र फिजियोथेरापी सम्बन्धी स्वास्थ्य जाँच गरिएको थियो ।

मासिक रुपमा सञ्चालन हुने शिविरमा हेटौंडास्थित सञ्चो हस्पिटलका हाडजोर्नी तथा नशा स्वास्थ्य डा. आशुतोष दास, सामान्य चिकित्सा डा. सचिन दास, जस्मिन हस्पिटल प्रालि मायादेवी-१ की सञ्चालक फिजियोथेरापिस्ट डा. रोशनी नेपाली र पञ्चकोष डेण्टल हस्पिटल प्रालि जाजरकोटका सिडिसि डा. प्रेम बहादुर कार्कीले स्वास्थ्य परीक्षण गर्नुभएको थियो । शिविरमा निःशुल्क स्वास्थ्य जाँच गरिनुका साथै निःशुल्क औषधी पनि वितरण गरिएको थियो । श्री राधा माधव समिति नेपाल, जगद्गुरुतम मन्दिर अध्यात्म केन्द्र र डिभाइन युथ क्लब नेपालको संयुक्त आयोजना तथा सञ्चो हस्पिटल प्रालि हेटौंडाको प्राविधिक सहयोगमा शिविर भएको हो । शिविर श्री राधा माधव समिति नेपालका केन्द्रिय सदस्य किरण शर्मा भण्डारीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका १८ का वडाध्यक्ष अनिल बानियाँको प्रमुख आतिथ्यमा भएको हो ।

उद्घाटन कार्यक्रममा सहभागी अतिथिले आगामी दिनमा संस्थासँग जोडिएर सहकार्य र समन्वय गर्ने बताएका छन् । विगतका दिनहरुमा संस्थाले शिविरहरु सञ्चालन गर्दै आएको छ । २०७६ पुस महिनादेखि सुरु भएको शिविर कोरोना अवधिभर रोकिएर पुनः सञ्चालन हुँदै ३०औं श्रृङ्खला अन्तर्गत शनिबारको शिविर सम्पन्न भएको हो । विगतमा विभिन्न विधामा आयोजित शिविरमा विशेषज्ञ डाक्टरहरुद्वारा स्वास्थ्य जाँच गरिएको थियो । अब आउने महिनामा विशेषज्ञ डाक्टरहरुबाट हेटौंडाका स्थानीय बासिन्दालाई अझै लाभ पुऱ्याउने योजना रहेको जनाइएको छ ।

# ज्येष्ठ नागरिक संघको साधारणसभा



समाज संवाददाता

हेटौंडाः ज्येष्ठ नागरिक जिल्ला संघ मकवानपुरको ११ औं साधारणसभा सम्पन्न भएको छ । शनिबार भएको साधारणसभाबाट हेटौंडा-१६, दिब्यसेवा निकेतनका केन्द्रीय अध्यक्ष श्री तेजराम (टीआर) निरौलालाई सम्मान गरिएको छ ।

कार्यक्रममा विपन्न जेष्ठ नागरिक रमेश ठकुरीलाई नगद १ हजार ५ सय रुपैयाँले सम्मान गरिएको जिल्ला सदस्य केशव सञ्जेलले जानकारी दिनुभयो । कायक्रम जिल्ला संघका सचिव दीपक सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा संघका उपाध्यक्ष बुद्धिप्रसाद पौडेलले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो । जिल्ला संघका अध्यक्ष हरिप्रसाद सिग्देलजको अध्यक्षता तथा बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको सञ्जेलले जानकारी दिनुभयो ।

# हातेमालोको अध्यक्षमा पुनः पौडेल चयन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा पुनः हरिप्रसाद पौडेल चयन हुनुभएको छ । शनिबार संस्थाको १७ औं वार्षिक साधारणसभाबाट पौडेल पुनः संस्थाको अध्यक्षमा चयन हुनुभएको हो ।

संस्थाको उपाध्यक्षमा केशवप्रसाद धिताल, सचिवमा सीताराम दाहाल र कोषाध्यक्षमा दीपकप्रसाद दाहाल चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा प्रमिला अर्याल, सुलोचना सापकोटा, नवराज चौलागाई, किशोर बर्तौला र सानीकान्छी बरुवाल चयन हुनुभएको छ ।

सहकारीको लेखा समितिको संयोजकमा नारायण रेग्मी तथा सदस्यहरुमा विनोद घिमिरे र रेखा रिजाल चयन हुनुभएको छ । नवनिर्वाचित कार्यसमितिको कार्यकाल ४ वर्षको रहने जनाइएको छ ।

शेयर सदस्य २ हजार ५ सय ६१ जना रहेको संस्थाले गत आर्थिक वर्षमा ६५ करोड ४७ लाख ९० हजार ३ सय ३४ रुपैयाँको कारोबार गरेको छ । यस्तै, ६ करोड २८ लाख ५९ हजार शेयर पुँजी रहेकोमा ५२ करोड १५ लाखभन्दा बढी ऋण लगानी गरेको छ ।

संस्थाका अध्यक्ष हरिप्रसाद पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सहकारी बोर्डका उपाध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्य रहेको थियो ।

# युवा संघको अग्रसरतामा ऐतिहासिक पार्क सरसफाई

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल हेटौंडा ८ नम्बर वडा कमिटीको आयोजनामा ऐतिहासिक पार्क सरसफाइ गरिएको छ । शनिबार बिहान हेटौंडा-८, राजपानी टोलस्थित लोकतान्त्रिक ऐतिहासिक पार्कको सरसफाइ गरिएको हो ।

देश बनाउने अभियान आफ्नै वडाबाट भन्ने नाराका साथ युवा संघले सरसफाई कार्यक्रमको आयोजना गरेको हो । राष्ट्रिय युवा संघ नेपाल हेटौंडा ८ नम्बर वडा कमिटी अध्यक्ष विशाल थापाको अध्यक्षता तथा नेकपा एमाले केन्द्रीय सदस्य रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेकपा एमाले मकवानपुर जिल्ला अध्यक्ष एवम बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय लेखा आयोग अध्यक्ष सन्तोष पौडेल, प्रदेश कमिटी सदस्य गोपाल श्रेष्ठ, अन्तर जिल्ला कमिटी सचिव इफेक्ट सिम्खडालगायत पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# टिपरले ठक्कर दिँदा बालिकाको मृत्यु

समाज संवाददाता

टिपरले ठक्कर दिँदा बालिकाको मृत्यु

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-१२, साँगाचोक बजारमा टिपरले ठक्कर दिँदा एक जना बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा बाह्रबिसे नगरपालिका-७, नाकपुच्चे घर भई हाल पढ्न बसेकी ८ वर्षीया बेली विक रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार चौताराबाट बन्देउ आउँदै गरेको बा५ख ६७९० नम्बरको टिपरले ठक्कर दिँदा बालिकाको घटनास्थलमै मृत्यु भएको भएको थियो । मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल चौतारा लगिएको प्रहरीले जनाएको छ ।

# हेटौंडा बजार राजमार्गले ध्वस्त भयोः बज्राचार्य

समाज संवाददाता

हेटौंडाः हेटौंडा बजार राजमार्गले ध्वस्त भएको सुनचाँदी व्यवसायी संघ, बागमती प्रदेश अध्यक्ष ज्योतिरत्न बज्राचार्यले बताउनुभएको छ । शनिबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै बज्राचार्यले यस्तो बताउनुभएको हो ।

२ किलोमिटरको हेटौंडा बजार क्षेत्रलाई चारैतिरबाट राजमार्ग आउँदा बजारको अस्तित्व नरहने उहाँले बताउनुभयो । पूर्वपश्चिम राजमार्ग विस्तार गर्दा राप्तीरोड, कान्ति लोकपथ र मदन भण्डारी लोकमार्ग (धरान-चतरा सडक) विस्तार गर्दा कान्तिराजपथ तथा त्रिभुवन राजपथ विस्तार गर्दा हेटौंडा बजारको बाँकी भाग ध्वस्त हुने उहाँको धारणा छ । राजमार्ग विस्तारले बजार क्षेत्र ध्वस्त पार्ने प्रपञ्च रचिएको उहाँको भनाइ छ । हेटौंडाको सडकका लागि ऐन नै संशोधन गरेर सरकार अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

सडक फराकिलो पार्नुपर्ने बताउँदै बजारबाट हाइवे लैजान नहुने उहाँको धारणा रहेको थियो । सरकारले बैकल्पिक मार्गको निर्माण गरेर बजार क्षेत्रको सडकलाई 'सहरी मार्ग' बनाउनुपर्ने समेत धारणा बज्रचार्यले राख्नुभयो ।

हेटौंडा बजार क्षेत्रको सडक विस्तार गर्दा दायाँबायाँ १६/१६ मिटर विस्तार गरे जनता बिनामुआब्जा जग्गा दिन तयार रहेको उहाँले बताउनुभयो । उहाँले नारायणगढमा समेत सडक बाइपास गरिएको र सहरी मार्ग पनि बनाइएको जानकारी गराउनुहुँदै हेटौंडामा पनि बाइपासको विकल्प खोज्नुपर्ने धारणा राख्नुभयो ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा-१९, बस्तिपुर
सीप हुन्छ हातमा, रोजगारी साथमा
भर्ना खुल्यो। भर्ना खुल्यो।। भर्ना खुल्यो।।।
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आँगिक यस विद्यालयमा प्रि डिप्लोमा तह इलेक्ट्रिकल इन्जिनियरीङ २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा भर्ना खुल्यो ।
निवेदन दिने अन्तिम मितिः २०८० असोज २ गते
प्रवेश परीक्षा मितिः २०८० असोज ६ गते
समयः विहान ११:०० बजे
आवेदन फाराम पाईने स्थानः विद्यालय प्रशासन शाखा
निशुल्क अध्ययनको अवसर
न्यूनतम शैक्षिक योग्यताः
SEE मा कम्तिमा E ग्रेड ल्याई उतिर्ण
औद्योगिक प्रशिक्षार्थीए तालीम कोटाः ४० जना
कार्यक्रमका विशेषताहरुः
★ निःशुल्क अध्ययन।
★ रोजगारीको सुनिश्चितता ।
★ दक्ष एवम् अनुभवी प्रशिक्षक।
★ औद्योगिक क्षेत्रमा कार्यगत सिकाई ।
★ अत्याधुनिक प्रयोगशालाको व्यवस्था।
★ खाजा तथा यातायात खर्च स्वरूप प्रशिक्षार्थीहरूले प्रति हाजिरी दिन रू.१००/- पाउने ।
सीट सिमित रहेकोले समयमै आवेदन दिनुहुन जानकारी गराईन्छ ।
थप जानकारीको लागी
सम्पर्कः९८५५०३०८८७,९८५५०६७७९९, ९८४५०७१७८८,९८४५०७१६५८



समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ